**आकाशवाणी समाचार- नेपाली**

मितिः १० दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- पश्चिम बंगालमा जारी एसआईआर - को प्रक्रियाबीच, निर्वाचन आयोगको रोल पर्यवेक्षक सी. मुरुगनले हिज कोलकाताको तिलजला क्षेत्रमा मतदाता रेकर्डको विस्तृत निरीक्षण गर्नु भयो।

- महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारण्टी अधिनियम (मनरेगा)-लाई लिएर केन्द्र अनि पश्चिम बङ्गाल राज्यबीच जारी विवाद अझ तीव्र भएको छ I

- अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनबाट फर्कने पहिलो भारतीय अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला आज कोलकाताको भ्रमणमा आउनु हुनेछ।

- भाजपाले पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यार्जीलाई खुला चुनौती दिँदै डीएमके सांसद ए. राजाको विवादास्पद बयानको जवाफ दिने कि नदिने भनेर प्रश्न गरेको छा

- जीटीए क्षेत्रमा कथित रूपले भएको अवैध शिक्षक नियुक्तिमाथि उच्च न्यायालयमा भइरहेको सुनवाई हिज समाप्त भएको छ।

**एसआईआर – पर्यवेक्षक**

पश्चिम बंगालमा जारी मतदाता सुचीको विशेष गहन संशोधन (SIR) को बीचमा, निर्वाचन आयोगको रोल पर्यवेक्षक सी. मुरुगनले हिज कोलकाताको तिलजला क्षेत्रमा मतदाता रेकर्डको विस्तृत निरीक्षण गर्नु भयो। यो निरीक्षण आयोगले स्वच्छ र त्रुटिरहित मतदाता नामावली सुनिश्चित गर्न राज्यभरि छानबिन र जाचलाई तीव्र पारिरहेको बेला भएको हो। दक्षिण २४ परगना जिल्ला र कोलकाता दक्षिण लोकसभा निर्वाचन क्षेत्रका लागि नियुक्त रोल पर्यवेक्षकले मतदाता डेटाको राम्ररी जाँच गर्न बुथ-स्तरीय अधिकारीहरूसँग भेट गर्नु भयो। उहाले २०२० देखिका पुराना मतदाता रेकर्डहरू सहित पुराना मतदाता रेकर्डहरूको समीक्षा गर्नु भयो र अभिभावकीय कागजपत्रहरूको शुद्धता पनि प्रमाणित गर्नु भयो। तिलजलाको यो भ्रमण केही दिन अघि काकद्वीपको निरीक्षण पछि भएको हो। राज्यमा जाचलाई अझ बलियो बनाउन, निर्वाचन आयोगले हालै पाँच वरिष्ठ IAS अधिकारीहरूलाई विशेष रोल पर्यवेक्षकको रूपमा नियुक्त गरेको छ। यी अधिकारीहरूले मतदाता सूची अद्यावधिक प्रक्रियामा कुनै त्रुटि नभएको सुनिश्चित गर्न विभिन्न डिभिजनहरूमा चलिरहेको विशेष संशोधन कार्यलाई नजिकबाट निगरानी गरिरहेका छन्। निर्वाचन आयोगको संशोधित तालिका अनुसार, विशेष संशोधन फारम बुझाउने अन्तिम मिति ११डिसेम्बर हो। यो सकेसम्म धेरै व्यक्तिहरूलाई सूचीमा आफ्नो विवरण सच्याउन वा थप्न अवसर दिने उद्देश्यले गरिएको हो। संशोधित मतदाता सूची १६ डिसेम्बर २०२५ मा प्रकाशित हुनेछ भने अन्तिम मतदाता सूची ७ फरवरी २०२६ मा प्रकाशित हुनेछ।

**मनरेगा विवाद**

महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारण्टी अधिनियम (मनरेगा)-लाई लिएर केन्द्र अनि पश्चिम बंगल राज्यबीच जारी विवाद अझ चर्किएको छ I तृणमूल कंग्रेस सुप्रीमो तथा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले कुचबिहारको ऱ्यालीमा केन्द्र सरकारद्वारा पठाइएको पत्रलाई च्यातेपछि विवाद अझ बढेको छ। यो पत्र मनरेगासित सम्बन्धित नयाँ निर्देशहरूसित सम्बन्धित थियो। उहाले यी शर्तहरूलाई “अपमानजनक” बताउँदै बंगालले यसलाई कुनै पनि अवस्थामा स्वीकार नगर्ने बताउनु भयो।

दुई दिवसीय जिल्ला भ्रमणको दोस्रो दिन एक जनसभालाई सम्बोधन गर्दै मुख्यमन्त्रीले भन्नु भयो , केन्द्र सरकारले हालैमा राज्यलाई एउटा नयाँ पत्र पठाएको छ जसमा धन जारी गर्नको लागि केही नयाँ शर्तहरू राखेको छ।

**क्याप्टेन शुभांशु शुक्ला**

अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनबाट फर्कने पहिलो भारतीय अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला आज कोलकाताको भ्रमणमा आउनु हुनेछ। उहाँले भारतीय अन्तरिक्ष भौतिक विज्ञान केन्द्रमा हाई स्कूल र कलेजका विद्यार्थीहरूसँग भेट्नुहुनेछ। श्री शुक्लाले संग्रहालयको भ्रमण गर्नुहुनेछ र संस्थानमा उहाको नाममा राखिएको मण्डपको निरीक्षण गर्नुहुनेछ। त्यसपछि उनी "अन्तरिक्षमा मेरो अनुभव - अन्तिम सीमा" शीर्षकको छलफलमा भाग लिनुहुनेछ। भारतीय अन्तरिक्ष अनुसन्धान संगठनका निर्देशक प्रा. डा. सन्दीप चक्रवर्ती, नासाका वैज्ञानिक डा. जयदीप मुखर्जी र अन्य प्रतिष्ठित व्यक्तिहरूले पनि छलफलमा भाग लिनुहुनेछ। क्याप्टेन शुक्लाले यस वर्ष २६ जुनमा एक्सिओम-४ मिसनको एक भागको रूपमा अन्य तीन अन्तरिक्ष यात्रीहरूसँग अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा पुगेर इतिहास रच्नु भएको छ। उहा १५ जुलाईमा पृथ्वीमा फर्किनु भएको थियो।

**भाजपा बंगाल**

भारतीय जनता पार्टी (भाजपा) ले हिज पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीलाई खुला चुनौती दिँदै द्रविड मुन्नेत्र कढगम (द्रमुक) का सांसद ए. राजाको विवादास्पद बयानको जवाफ दिने कि नदिने भनेर प्रश्न सोधेको छ, जसमा उनले वन्दे मातरमका लेखक बंकिमचन्द्र चटोपाद्यय र बंगालको गौरवलाई राज्यको विगतको साम्प्रदायिक तनावसँग जोड्ने आधारहीन आरोप लगाएका थिए। भाजपाले के मुख्यमन्त्री ममता बनर्जीले डीएमके र कांग्रेससँगको आफ्नो विपक्षी गठबन्धनलाई जोगाउन यस मुद्दामा मौन बसिरहेकी छिन् भन्दै प्रश्न गरेको छ। भाजपाका सूचना प्रविधि सेलका प्रमुख र पश्चिम बंगालका लागि केन्द्रीय पर्यवेक्षक अमित मालवीयले सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुदै, "ममता ब्यानर्जीले आफू सहभागी भएको गठबन्धनको बारेमा बोल्नुपर्छ, जसले ऋषि बंकिमचन्द्र चटोपाद्ययको गौरवशाली विरासतको अपमान गरिरहेको छ। भाजपाले पहिले एक विस्तृत विज्ञप्ति जारी गरेको थियो, जसमा ए. राजालाई बंकिमचन्द्रले महिला शिक्षा र सामाजिक सुधारको विरोध गरेको सुझाव दिन तथ्यहरू तोडमोड गरेको आरोप लगाइएको थियो। भाजपाको तर्क छ,बंकिमचन्द्रका विचारहरू केवल सुधारको प्रक्रियाको बारेमा थिए।

**जीटीए -शिक्षक नियुक्ति -न्यायालय**

जीटीए क्षेत्रमा कथित रूपले भएको अवैध शिक्षक नियुक्तिमाथि उच्च न्यायालयमा भइरहेको सुनवाई हिज समाप्त भएको छ। जसमाथि अब केवल निर्णय आउन मात्रै बाँकी रहेको छ। यस आशयको जानकारीदिनु हुदै ट्रेण्ड अन्-इम्प्लोइड युथ वेलफेयर अर्गनाइजेशनका प्रमुख सुधन गुरूङले 313 जना शिक्षकको अवैध नियुक्तिमाथि उच्च न्यायालयले आफ्नो निर्णयलाई सुरक्षित राखेको बताउनु भएको छ। उहाँले यसमाथि कलकत्ता उच्च न्यायालयको प्रिन्सिपल बेञ्चमा अप्रैल 2023-देखि नै सुनवाई चलिरहेको जानकारी गराउनुहुदै यसमाथि न्यायालयले सही निर्णय सुनाउने आशा गरिएको बताउनु भएको छ। श्री गुरुङले -न्यायालयको निर्णय सत्यको पक्षमा हुने आशा व्यक्त गर्नुहुदै उहाँले दार्जीलिङ पहाड़मा दक्ष अनि निष्पक्षरूपले शिक्षक नियुक्ति गर्नको लागि स्कूल सर्भिस कमिशन लागू गर्नुपर्छ भन्ने माग पनि उठाउनु भएको छ।

**दार्जीलिंग -सांसद – ग्रामीण बिकास**

दार्जीलिंगका लोकसभा सांसद राजु बिस्टले पश्चिम बङ्गालमा पञ्चायत निकायहरूका चुनाउका लागि १४औँ र १५औँ वित्त आयोग अन्तर्गत २०१९ देखि दिइएको कोषको विवरण ,वर्तमानमा चलिरहेका परियोजनाहरू, राष्ट्रीय ग्राम स्वराज योजनाअन्तर्गत प्रशिक्षण, अनि स्वामित्व योजनाको स्थितिबारे ताजा जानकारी मागेको बताउनुभएको छ। उहाले एक प्रेस बिज्ञप्ति जारी गर्नुहुदै पञ्चायती राज मन्त्री राजीव रंजन सिंह बाट प्राप्त उत्तरले ग्रामीण निकायहरूलाई केन्द्रको बलियो सहायता प्राप्त भएको बताउनु भएको छ।

BYTE

सांसद विस्टले भन्नुभएको छ -१४औँ वित्त आयोग अन्तर्गत पश्चिम बङ्गालले १४ हजार १ सय ९१.७८ करोड़ प्राप्त गरेको थियो भने १५औँ वित्त आयोग अन्तर्गत २१ हजार ६ सय ११ करोड़ छुट्ट्याइएको छ जसमध्ये १९ हजार ६ सय ३९.९९ करोड़ जारी गरिसकिएको छ। उहाँले राज्यले पहिलो किस्ताको लागि आवश्यक प्रमाणपत्र अहिलेसम्म नबुझाएको कारण बर्ष २०२५-२६ को लागि दोस्रो किस्ता बाँकी रहेको बताउनु भएको छ l उहाँले आश्चार्य प्रकट गर्दै भन्नुभएको छ - पश्चिम बङ्गाल सरकारले दार्जिलिङ जिल्लाको लागि चार खण्डहरू –खोरीबारी, मतिगड़ा, नक्सलबाड़ी, र फाँसिदेवाका लागि मात्रै तथ्याङ्क अपलोड गरेको छ। पहाड़ी क्षेत्र दार्जिलिङमा पञ्चायतहरूसँग सम्बन्धित कुनै तथ्याङ्क यहाँ उपलब्ध छैन। यसैप्रकारले कालेबुङ जिल्लामा पञ्चायतहरू सम्बन्धी तथ्याङ्कहरू पनि गायब रहेको जानकारी दिनुहुदै सांसद विस्टले यी कोषहरूको उपयोगको सम्बन्धमा साथै दार्जिलिङ र कालेबुङ जिल्लाहरूका पञ्चायत इलाकाहरूलाई आवण्टित कोषहरूको बारेमा एउटा विस्तृत छानबिन गरिनु आवश्यक रहेको बताउनुभएको छ l

****** ० ******